# स्थानीय राजपत्र

शैलुङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६,    संख्याः १,    १६ असार, २०८०

# भाग-१

## शैलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
## काटाकुटी दोलखा
## बागमती प्रदेश, नेपाल

### "शैलुङ गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९"

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"आर्थिक** ऐन, **२०८१"** रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि शैलुङ गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति कर**: गाउँपालिका क्षेत्रभित्र अनुसुची-१ बमोजिम एकीकृत सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ । एकीकृत सम्पत्ति करको हकमा प्रचालित कानून अनुसार स्वीकृत भै लागू भएमा सोही बमोजिम र उक्त

कानूनहरुमा व्यवस्था नभएमा कार्यपालिकाको निर्णय वा तोकिए बमोजिम हुनेछ ।

३. **<u>भुमी कर (मालपोत)</u>** : गाउँपालिका क्षेत्रभित्र अनुसुची-२ बमोजिम भुमिकर ( मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **<u>घर बहाल कर:</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **<u>व्यवसाय कर:</u>** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधार तथा गाउँपालिकामा दर्ता भएका साथै अन्य निकायमा दर्ता भएका व्यवसायहरुको अनुसुची-४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **<u>जडिबुटी, कवाडी र जीवजन्तु कर</u>** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसुची-५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **<u>विज्ञापन कर :</u>** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची-६ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **<u>मनोरञ्जन कर :</u>** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची-७ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **<u>बहाल बिटौरी शुल्क :</u>** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची-८ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **<u>पार्किङ शुल्क :</u>**गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसुची-९ बमोजिम पार्किङ शुल्क  लगाइने र असुल उपर गरिनेछ ।

११. **<u>ट्राभल एजेन्सी, फनपार्क, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, ट्रेकिङ, बन्जी जम्पिङ्ग, घोडचढी, पदयात्रा सञ्चालन शुल्क</u>** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलायर र र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेबापत अनुसुची-१० बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **सेवा शुल्क :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसुची-११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३.**पर्यटन प्रवेश शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची-१२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमेजिम हुनेछ ।

१४.**दर्ता, नवीकरण तथा सिफारिश दस्तुर :** गाउँपालिकाले उपलब्ध गराउँने दर्ता, नवीकरण सिफारिश दस्तुर तथा फोहोर मैला व्यवस्थापन शुल्क अनुसुची-१३ मा उल्लेख भए बमोजिमको दरमा असुल गरिनेछ ।

१५.**घर नक्सापास तथा निर्माण शुल्क :**गाउँपालिका क्षेत्रमा घर निर्माण तथा नक्सापास सम्बन्धी शुल्क अनुसूची-१४ मा उल्लेखित दरमा असुल गरिनेछ ।

१६. **दहत्तर बहत्तर**: माथि उल्लेखित विषय बाहेक बालुवा, गिटी, रोडा, ढुङ्गा बिक्रि, जल विद्युत, खानीजन्य पदार्थमा अनुसुची-१५ मा उल्लेख भए वा प्रदेश कानून बमोजिमको कर लगाईने छ ।

१७.**वातावरण तथा सामाजिक विकास शुल्क :** गाउँपालिका भित्र सञ्चालित जलविद्युत/लघु जलविद्युत आयोजना तथा अन्य आयोजनाहरुसँग प्राकृतिक स्रोत साधनको उपयोग गरेवापत वातावरण तथा सामाजिक विकास शुल्क कार्यपालिकाको निर्णय अनुसार असुल गरिनेछ ।

१८. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कर छुट दिईने छैन । विशेष परिस्थितिमा कर छुट दिने अधिकार गाउँ सभामा निहित रहनेछ ।

१९.**कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**२१ कर छुटः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन। तर बार्षक रुपमा तिर्नु पर्ने कर समयमा तिरी सहज सेवा प्रदान गरी नियम सम्मत छुट लिन चाहने सेवाग्राहीहरु र वातावरण संरक्षण तथा स्थानीय जनतालाई निश्चत प्रतिशतमा रोजगारी प्रदान गर्ने उद्योग/ब्यवसायलाई कर छुट प्रदान गरिनेछ।

२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभको उद्देश्य नराखी संचालन हुने संघ संस्थाहरुलाई सम्पत्ती कर, नक्सा पास दस्तुर, सरसफाई शुल्क जस्ता कर र दस्तुरहरु लगाइनेछ।

४) आय संकलन प्रयोजगनको लागि सूचना प्रकाशित गर्दा नै एक मुष्ट रकम बुझाई सम्झौता गर्ने ठेकेदारलाई सूचना बमोजिमको एक मुष्ठ रकम छुट दिईनेछ।

५) माथि जुनकुसै कुरा लेखिएको भए तापिन विपद, महामारी तथा संकटग्रस्त अवस्था श्रृजना भएमा कार्यालयको सिफारिसमा गाउँ प्रमुखले औचित्य हेरी कुनै प्रकारको कर वा सोको अम्समा छुट दिन सक्नेछ। त्यस्तो छुटको विवरण गाउँ सभामा पेश गर्नु पर्नेछ।

२२. **प्रशासकीय पुनरावलोकन र पुनरावेदनः** (१) गाउँपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकिय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन।

३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतीस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ।

४) गाउँपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा गाउँपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

**२३.** **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ।

३) गाउँपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

४) गाउँपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ।

५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ।

२४. **सहयोग गर्नुपर्नेः** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

२५. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः** गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ।

२६. **कर संकलनको लागि सेवा रोक्न सक्ने:** (१) गाउँपालिकाले निर्धारण गरेको कर तोकिएको समयमा दाखिला नगरेमा नेपाली नागरिकताको प्रमाण पत्र लिने सिफारिश बाहेकका अन्य सवै सेवा प्रवाह रोक्का गरी कर संकलन गर्न सकिनेछ .

२) गाउँपालिकामा विभिन्न प्रकारका कर तथा शुल्क भुक्तानी गर्नुपर्ने दायित्व भएको व्यक्तिले अन्य कर भुक्तानी नगरी सम्पत्ति कर तिर्न नपाउने गरी सेवा रोक्का गर्न सकिनेछ |

३) सेवा प्रवाहको मुख्य थलो वडा कार्यालय भएको कारणले गाउँस्तरीय कर चुक्ताको प्रमाण कागज संलग्न नभए सम्म वडा कार्यालयले सेवा प्रवाह गर्ने छैन । कर असुली र कर प्रशासनमा सघाउनु वडा अध्ययक्ष तथा वडा कार्यालयको कर्तब्य हुनेछ ।

२७. **गाउँस्तरीय कर चुक्ता प्रमाण पत्र जारी गर्ने:** (१) गाउँपालिकामा दर्ता भै ब्यवसाय गर्ने करदाताहरुलाई नेपाल सरकारको कर कार्यालयबाट कर चुक्ता प्रमाण पत्र लिनु पूर्व गाउँपालिकाबाट कर चुक्ताको प्रमाण पत्र लिनु पर्ने ब्यवस्था गरिनेछ । यस प्रयोजनको

लागि सम्बन्धित कर कार्यालयलाई गाउँपालिकाबाट कर चुक्ता प्रमाण पत्र प्राप्त भए पछि मात्र त्यहाँबाट त्यस्तो प्रमाण पत्र जारी गर्ने गरी ब्यवस्थापन गर्न अनुरोध गरिनेछ।

२) गाउँपालिका क्षेत्रमा दर्ता भै ब्यवसाय गर्ने संस्थालाई कर चुक्ताको प्रमाण पत्र पेश नगरेमा त्यस्तो संस्था सँग गाउँपालिककाले कुनै आर्थिक कारोवार गर्ने छैन।

३) आर्थिक वर्षको असोज मसान्त सम्ममा कर दाखिला गर्ने समय भएकोले उक्त अवधिमा सेवा दिदा कर चुक्ता प्रमाण पत्र आवश्यक पर्ने छैन। यसै गरी पौष मसान्त सम्मको लागि कर दाखिला गर्ने म्याद थप गर्न सकिने र सो अवधि सम्प म्याद थपको पत्र पेश भएमा कर चुक्ताको प्रमाण-पत्र अनिवार्य गरिने छैन। तत् पश्चात सेवा प्रवाह गर्दा कर चुक्ता प्रमाण-पत्र अनिवार्य आवश्यक पर्नेछ।

४) प्रस्तुत दफाको प्रयोजनको लागि ब्यक्तिगत स्वमित्वमा रहेको घर जग्गाको सम्पत्ती कर तिरेको रसिदलाई कर चुक्ता प्रमाण-पत्रको रुपमा मान्यता दिइनेछ।

२८. **किस्तामा कर तिर्न सकिने:** (१) गाउँपालिकाबाट निर्धारण भएको कर, करदाताको अनुरोधमा २ वा ३ किस्तामा तिर्नु पर्ने गरी कायम गर्न सकिनेछ।

२९. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

३०. **करदाताको पहिचान तथा दर्ता :**

१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ।

२) कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाईलाई कुनै स्रोतबाट प्राप्त सुचना र सो एकईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ।

४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ।

३१. **करदाताको दायित्व:** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ:

क. आफूलाई करदाताको रुपमा दर्ता गराउने,

ख. निर्धारित समयमा विवरण पेश गर्ने,

ग. निर्धारित समयमा कर रकम दाखिला गर्ने,

घ. यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनुपर्ने भए समयमा बुझाउने,

ङ. हिसाव किताब र अभिलेख दुरुस्त राख्ने

च. कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

छ. कर एकाईलाई आवश्यक सहयोग गर्ने।

३२. **करदाताको अधिकार**: (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ:

क. सम्मानपूर्वक व्यवहारको अधिकार,

ख. प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग. कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ. प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखा परीक्षक नियुक्त गर्ने अधिकार,

ङ. कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ।

३३. **विवरण दाखिला गर्न आदेश दिन सक्ने:** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ| त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ।

३४. **विवरण सच्याउन सकिने:** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्ने छ।

३५. **कर दाखिला गर्नुपर्ने:** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ।

(२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरि दाखिला गर्नुपर्ने कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ। तोकिएको समयमा दाखीला नगरेमा १० % जरिवाना लाग्नेछ।

३६. **कर दाखिलाको निस्सा दिनु पर्ने:** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ | त्यस्तो निस्सा पत्र, एसएमएस जुनसुकै माध्यमबाट दिन सकिनेछ।

३७. **कर फिर्ता सम्बन्धी व्यवस्था**: (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उप दफा (१) फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

३८. **कर समायोजन सम्बन्धी व्यवस्था**: (१) करदाताले दफा ३४ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उप दफा (२) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

३९. **उजुरी नलाग्ने**: यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन।

४०. **पुनरावेदन दिन सक्ने**: (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० (साठी) दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुने छ।

४१. **अदालतलाई भए सरहको अधिकार हुने**: यस ऐनको प्रयोजनको लागि गाउँ कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

४२. **आदेश वा निर्देशन दिन सक्ने**: संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यन्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ।

४३. **पुरस्कृत गर्न सक्ने**: (१) गाउँपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था शैलुङ गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) गाउँपालिकामा काम गर्ने कर प्रशासनसँग सम्बन्धित उत्कृष्ठ कर्मचारी १ जनालाई पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ।

४४. **कर परीक्षण र कर निर्धारण:** (१) यस ऐन वमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछ:

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा।

(ख) गलत वा झुट्टा कागजात/ विवरण संकलन गरेको देखिएमा |

(ग) यथार्थ कारोवार नदेखिएको विश्वास गर्नु पर्ने कारण भएमा |

(घ) कारोवारका आधारमा करको दायित्व कम देखिएमा |

(ङ) करको दर फरक पारेकोमा |

(च) कानून वमोजिम कर- छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा।

(२) उपदफा(१) वमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) वमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) वमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानुन वमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुन: कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ।

४५. **कर निर्धारणको सूचना:** (१) यस ऐन वमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) यस ऐन वमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्ने छ।

(३) उपदफा (१) वमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ |

(४) प्रस्तुत ऐन कार्यान्वयन गर्नको लागि आर्थिक प्रशासन शाखाको प्रमुखले कर अधिकृतको रुपमा काम गर्नु पर्नेछ । निजले प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कार्य गर्नेछ।

४६. **कर संकलन सम्बन्धी व्यवस्था:** (१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरिका वमोजिम कर असुल गर्न सक्नेछ।

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर |

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताको रकमबाट कट्टा गर्न लगाएर।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर |

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर।

(ङ) करदाताको कारोवार रोक्का गरेर।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी तोकिय बमोजिम लिलाम विक्री गरेर।

(२) उपदफा (१) को खण्ड (६) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप ५ प्रतिशत शुल्क सहित असुल गरिनेछ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भए जति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ।

(४) उपदफा (३) वमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

**४७.** **ब्याज लाग्ने:** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा (प्रत्येक अर्को महिनाको ७ दिन भित्र) दाखिला नगरेमा तिर्नु /बुझाउनु पर्ने रकमको मासिक दश प्रतिशत ब्याज लाग्नेछ ।

**४८.** **ब्याज नलाग्ने:** यस ऐन बमोजिम लाग्ने शुल्क ब्याज र जरिवानामा पून: ब्याज लाग्ने छैन।

**४९.** **कागजातको ढाँचा:** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपर्युक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकारको कार्यालयको सूचना पाटी, वेबसाइट र स्थानीय पत्र पत्रिकाको मध्यमबाट उपलब्ध गराउन सकिने छ।

**५०.** **सूचना तामेली रीत पुगेको मानिने:** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाएमा वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ।

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको

(ग) नवालिगको हकमा संरक्षक  वा माथवर व्यक्तिलाई बुझाएको

(घ) कार्यालय संस्था वा निकायको हकमा प्रवन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको

(ङ) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट ईनस्क्रिप्ट वा इनकोड गरिएको, चाप लगाईएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिईएको कागजातलाई रीतपुर्वकको मानिनेछ।

५१. **नगदी रसिद रद्द गर्न सक्नेः** (१) कर दस्तुर संकलन गर्दा काटिएका आम्दानी रसिद रद्द गर्नु पर्ने अवस्था आएमा सम्बन्धित संकलनकर्ताले कारण खुलाई सक्कलै नगदी रसिद संलग्न गरी अधिकार प्राप्त अधिकारीबाट निर्णय भएमा रद्द गरी सम्बन्धित ब्यक्तिलाई रकम फिर्ता गर्न सकिनेछ।

२) उपदफा (१) बमोजिम रद्द गरिएका रसिदको विवरण राजश्व शाखाले प्रमाणित गरी राख्नु पर्नेछ।

५२. **कार्यविधि बनाउन सक्नेः** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागू हुनेछ।

५३. **बाधा अड्काउ फुकाउः** (१) यो ऐनको ब्यवस्था कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउको अधिकार गाउँ कार्यापलिकामा निहित रहनेछ। त्यस्तो बाधा अड्काउ फुकाउको बिषय कार्यपालिका मार्फत गाउँ सभामा पेश हुनेछ।

## अनुसूची-१

### १. सम्पत्ति कर

### (क) एकीकृत सम्पत्ति कर :

एकीकृत सम्पत्ति कर सम्बन्धमा कार्यविधि निर्माण गरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको दर र क्षेत्रमा एकीकृत सम्पत्ति कर लगाइनेछ ।

### (ख) घरजग्गा कर :

गाउँपालिका क्षेत्र भित्रका प्रत्येक पक्की तथा कच्ची घरहरुमा तपसिल बमोजिम घरजग्गा कर लगाइनेछ ।

| क्र.सं | **घरको प्रकार** | इकाई | दस्तुर रु. |
|---|---|---|---|
| **कच्ची घर** | | | आ.व. २०८०/८१ |
| १. | ढुङ्गा, माटो र काठको घर १ तला सम्म | फिट | ०.५ |
| २. | ढुङ्गा, माटो र काठको घर १ तला भन्दा माथी | फिट | ०.५ |
| **पक्की/ढलान घर** | | | |
| ३. | पक्की घर व्यवसायीक | फिट | १.५ |
| ४. | पक्की घर आवासिय | फिट | ०.७५ |

क) सटर भएको घरलाई व्यवसायिक घर मानिनेछ ।

ख) चालु आ.व. को असोज मसान्त सम्म कर दाखिला गर्ने सेवाग्राहीलाई ५% छुट दिइनेछ भने। चा.लु आ.व पछि अर्को आ.व मा कर दाखिला गरेमा १०% जरिवाना लाग्नेछ।

## अनुसूची-२

### २. भूमिकर (मालपोत) :

गाउँपालिका क्षेत्र भित्रका जग्गामा प्रति रोपनी रु १०/– का दरले भूमिकर (मालपोत) लगाइनेछ।

## अनुसूची-३

**३. घर बहाल कर :** गाउँपालिका क्षेत्रमा बहालमा लगाइएको व्यवसायिक तथा संस्थागत प्रयोजनको लागि लिइएकोमा बहाल रकमको १० % का दरले घरजग्गा बहाल कर संकलन गरिनेछ तथा व्यक्तिगत प्रयोजनको लागि लिइएकोमा २।५५ रकम वा स्वघोषणाको आधारमा घर बहाल कर लिइनेछ।

| क.सं | विवर | प्रतिदिन | आ.व. २०८०/८१ | कै |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको हल | प्रतिदिन | १००० | |
| २ | गाउँपालिकाको सभाहल | प्रतिदिन | २५०० | |

गाउँपालिकामा रहेका भवनहरुमा तपशिल बमोजिमको कर लागाइनेछ।

नोटःगाउँपालिकाको कार्यपालिका हल तथा सभाहल प्रयोग गर्दा सामान फुटाएमा गाउँपालिकाकाले तोके बमोजिमको दस्तुर लाग्नेछ।

## अनुसूची-४

**४. व्यवसाय कर :** गाउँपालिकामा तथा अन्य निकायमा दर्ता भएका देहाय बमोजिमको व्यवसायमा देहाय बमोजिम व्यवसाय कर लगाईनेछ।

| | | | |
|---|---|---|---|
| १ | **मदिरा (रक्सी) जन्य तथा सूर्तीजन्य व्यवसाय** | आ.व. २०७९/८० | |
| | क) थोक बिक्रेता | २००० | |
| | ख) खुद्रा बिक्रेता | १००० | |
| २. | **इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स** | | |
| | क) थोक बिक्रेता | २००० | |
| | ख) खुद्रा बिक्रेता | १००० | |
| ३. | **कपडा पसल** | | |
| | क)कपडा पसल (खुद्रा बिक्रेता) | ५०० | |
| | ख) फेन्सी कपडा (रेडिमेड) | ५०० | |
| ४. | **गहना (ज्वेलरी) पसल** | | |
| | क) सबै खाले गहना निर्माण तथा बिक्री गर्ने | २००० | |
| | ख) स-साना गहना निर्माण तथा बिक्री गर्ने | १००० | |
| ५. | **हार्डवेयर एण्ड सप्लायर्स** | | |
| | क) थोक बिक्रेता | ५००० | |
| | ख) खुद्रा बिक्रेता | २००० | |
| ६. | **कम्प्युटर, टेलिभिजन, फोटोकपी ,विद्युत सामान, क्यामेरा, टेलिभिजन र रेडियो** | | |
| | क) थोक बिक्रेता | १००० | |
| | ख) खुद्रा बिक्रेता | ५०० | |
| ७. | **पेट्रोल/ डिजेल पम्प तथा ग्याँस** | | |
| | क) पेट्रोल र डिजेल पम्प | ४००० | |
| | ख) ग्यास तथा मट्टितेल बिक्री गर्ने | १००० | |
| ८. | **दैनिक उपभोगका खाद्य पदार्थ (खाद्यान्न, तरकारी तथा फलफुल समेत)** | | |
| | क) थोक बिक्रेता | १००० | |
| | ख) खुद्रा बिक्रेता | ५०० | |
| ९. | **पर्यटन, व्यवसाय, आवास, होटेल, रेष्टुरा, रिसोर्ट** | | |

| | | | |
|---|---|---|---|
| | क) ५० लाख १ रुपैया भन्दा माथि पुँजी भएका | ४००० | |
| | ख) २५ लाख १ रुपैया देखि ५० लाख सम्म पुँजी भएका | ३००० | |
| | ग) १० लाख १ रुपैया देखि २५ लाख सम्म पुँजी भएका | १५०० | |
| | घ) ५ लाख १ रुपैया देखि १० सम्म लाख सम्म पुँजी भएका | १००० | |
| | ङ) १ लाख १ रुपैया देखि ५ लाख सम्म पुँजी भएका | ७५० | |
| | च) १ लाख सम्म पुँजी भएका | ५०० | |
| १०. | **कार्पेट** | | |
| | क) थोक बिक्रेता | १००० | |
| | ख) खुद्रा बिक्रेता | ५०० | |
| ११. | **सेवा तथा उद्योग** | | |
| | क) परामर्श सेवा | १००० | |
| | ख) फोटोग्राफी | ५०० | |
| | ग) शीत भण्डार | २००० | |
| १२. | **निर्माण तथा औद्योगिक सेवा** | | |
| | क) सडक, पुल तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | ५००० | |
| १३. | **विशेष परामर्श तथा अन्य व्यवसायीक सेवा** | | |
| | क) इन्जिनियर | १००० | |
| | ख) कानुन व्यवसायी | १००० | |
| | ग) लेखा परिक्षक | ७०० | |
| | घ) अनुसन्धानकर्ता तथा परामर्श दाता | १००० | |
| | ङ) कम्प्युटर एनालिष्ट तथा प्रोगामर | १००० | |
| | च) बीमा एजेन्ट | १००० | |

| | | | |
|---|---|---|---|
| | छ) सर्भेयर | १००० | |
| | ज) सामान ढुवानी कर्ता तथा कम्पनी | १००० | |
| | झ) संस्थागत पेन्टर | १००० | |
| | ञ) ग्रिल, आरान तथा मेटल उधोग | ५०० | |
| | ट) झोल साबुन उधोग | ५०० | |
| १४. | **सवारी साधन बिक्री केन्द्र** | | |
| | क) सवारी साधन विक्रेता | ५००० | |
| १५. | **उत्पादन मूलक उद्योग** | ३००० | |
| | क) कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग | २००० | |
| १६. | **कृषि तथा वनजन्य उद्योग** | | |
| | क) वन पैदावारमा आधारित उद्योग ( उत्पादन गर्ने) | ४००० | |
| | ख) वन पैदावारमा आधारित व्यवसायमा | ३००० | |
| | ग) कृषिमा आधारित उद्योग व्यवसायमा ५ लाख सम्म चालु खर्च भएका | ५०० | |
| | घ) कृषिमा आधारित उद्योग व्यवसायमा ५ लाख भन्दा माथी चालु खर्च भएका | १००० | |
| १७. | **गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय** | | |
| | क) क श्रेणीको | १४००० | |
| | ख) ख श्रेणीको | ११००० | |
| | ग) ग श्रेणीको | ८००० | |
| | घ) घ श्रेणीको | ४००० | |
| १८. | **खनिज उद्योग** | | |
| | क) खनिज उत्खन वा प्रशोधन गर्ने उद्योग व्यवसाय | ४००० | |
| १९. | **उर्जा मूलक उद्योग** | | |
| | क) जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्यास, अन्य | २००० | |

| | | | |
|---|---|---|---|
| | श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | | |
| २०. | **स्वास्थ्य सेवा** | | |
| | क) गैर सरकारी अस्पताल | ५००० | |
| | ख) नर्सिङ होम | ३००० | |
| | ग) क्लिनिक तथा ल्याब औषधी पसल | २००० | |
| २१. | **सञ्चार सेवा** | | |
| | क) निजी क्षेत्रको हुलाक सेवा | ५०० | |
| | ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, मोवाइल फोन,STD, ISTD इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | १००० | |
| | ग) कुरियर सेवा | ५०० | |
| २२. | **शिक्षा सेवा** | | |
| | क) निजी क्षेत्रका स्कूल | २००० | |
| | ख) तालिम तथा अनुसन्धान केन्द्र | १००० | |
| | ग) टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १००० | |
| २३. | **मर्मत सम्भार** | | |
| | क) हेवी इक्यूमेन्टस् बस, ट्रक, कार, मोटर साइकल, टेम्पो, साइकल आदि मर्मत कारखाना | २००० | |
| | ख) रेडियो, टि.भि., घडी, प्रेशर कुकर, हिटर, मोबाइल, टेलिफोन सेट , विद्युत सामाग्री मर्मत केन्द्र | १००० | |
| २४. | **वित्तिय सेवा** | | |
| | क) नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैक | १०००० | |
| | ख) आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | ८००० | |

| | | | |
|---|---|---|---|
| | ग) वित्तीय कम्पनीको शाखा कार्यालय | ६००० | |
| | घ) वीमा कम्पनी | ५००० | |
| | ङ) विदेशी मुद्रा सटही | ३००० | |
| | च) धितोपत्र कारोवार | ३००० | |
| | छ) वचत तथा ऋण सहकारी संस्था | ३००० | |
| | ज) कृषि सहकारी संस्था | १५०० | |
| २५. | **अन्य व्यवसाय** | | |
| | क) पार्क पिकनिक स्पट | ५०० | |
| | ख) टुर अपरेटर | २००० | |
| २६. | **अन्य सेवा** | | |
| | क) विज्ञापन सेवा | १००० | |
| | ख) ब्यूटी पार्लर, केश सिंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेन्टर आदि | १००० | |
| | ग) साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | १००० | |
| | घ) पशु वधशाला | १००० | |
| | ङ) मासु बिक्रेता | १००० | |
| | च) फुल र विरुवा बिक्रेता | ५०० | |
| | छ) खोटो व्यवसायी | १००० | |
| | ज) सिसा प्लाइउड बिक्रेता | २००० | |
| | झ) भाँडाकुँडा बिक्रेता | १००० | |
| | ञ) स्टिल, काठ, फर्निचर बिक्रेता | १००० | |

| | | | |
|---|---|---|---|
| | ट) खेलौना, उपहार (गिफ्ट) बिक्रेता | ५०० | |
| | ठ) स्टेशनरी | १००० | |
| | ड) पोल्टी फर्म | ५०० | |
| | ड) कवाडी मालसामान संकलन/पसल | ३००० | |
| | ढ बेकरी | २००० | |
| | ण कपाल काट्ने व्यवसाय | ५०० | |
| | त काठ उधोगरफर्निचर | ३००० | |
| २७. | क) फर्म, व्यवसाय,कृषक समूह दर्ता शूल्क लगायत अन्य | ५०० | |
| | प्रतिलिपि दस्तुर, नामसारी ठाउसारी,व्यवसाय वन्द | ५०० | |
| २८. | सहकारी दर्ता शुल्क | | |
| | क) शैलुङ गाउँपालिकाभित्र दर्ता भएको | २५०० | |
| | ख) अन्य निकायमा दर्ता भएको | ४००० | |
| २९ | उल्लेखित बाहेक अन्य व्यवसाय | १००० | |

क) माथि उल्लेख भएको व्यवसायहरुमा सोही अनुसार र उल्लेख नभएको हकमा कार्यपालिकाको निर्णय बमोजिम कर निर्धारण गरिने छ ।

ख) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत संयुक्त रुपमा सञ्चालन गरेको हकमा इजाजत लिएको व्यवसायको पूरा कर र प्रत्येक थप व्यवसायको करको ४०% ले हुने रकम थप गरी व्यवसाय कर निर्धारण गरिनेछ ।

ग) चालु आ.व. को श्रावण महिनाभित्र व्यवसाय कर दाखिला गरेमा ५ प्रतिशत छुट दिईनेछ । चालु आ.व. को श्रावण महिना पछि असोज मसान्तभित्र व्यवसाय कर दाखिला गरेमा पूरा व्यवसाय कर लाग्ने छ । चालु आ.व.को कात्तिक महिनादेखि चैत्र मसान्तसम्म व्यवसाय कर दाखिला गरे १० प्रतिशत थप जरिवाना लाग्ने छ । चालु आ.व.को बैशाख

महिना देखि असार मसान्तसम्म व्यवसाय कर दाखिला गरे १५ प्रतिशत थप जरिवाना लाग्नेछ । चालु आ.व. पछि अर्को आ.व.मा व्यवसाय कर दाखिला गरे २५% प्रतिशत थप जरिवाना लाग्नेछ ।

घ) गाउँपालिकामा नयाँ दर्ता भएका व्यवसायमा विगत बर्षमा गरेको कारोबारको व्यवसाय कर गणना गरिने छैन ।

ङ)आर्थिक वर्ष २०७९/८० सम्म गाउँपालिकामा दर्ता गरी नविकरण नगर्नेको हकमा पहिलो तीन महिनाको लागि जरीवाना छुट गरी बाकि कर तिर्नुपर्नेछ ।

**अनुसूची-५**

**५. जडिबुटी, कवाडी र जीवजन्तु सम्बन्धी कर :**

**क) जडिबुटी, नेपाली कागज, काठ, दाउरा, बाँस र अन्य वस्तुको निकासी करको दर**

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. आ.व. २०८०/८१ | कैफियत |
|---|---|---|---|---|
| १ | मजिठो | केजी | २.०० | |
| २ | ओखरफलको बोक्रा | केजी | २.०० | |
| ३ | ओखर काण्ड बोक्रा | केजी | १०.०० | |
| ४ | चिराइतो | केजी | २.५० | |
| ५ | चुत्रोको बोक्रा | केजी | १.२५ | |
| ६ | कुरिलाको जरा | केजी | १.५० | |
| ७ | सुगन्धवाल | केजी | ४.०० | |

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | |
|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ | कैफियत |
| ८ | अल्लो | केजी | २.०० | |
| ९ | झयाउ | केजी | ७.०० | |
| १० | अर्गेली | केजी | ४.०० | |
| ११ | पाखनवेत | केजी | १.५० | |
| १२ | लोक्ता | केजी | ६.०० | |
| १३ | ठिग्रें सल्लाको सिम्टा | केजी | ३.०० | |
| १४ | धसिंगरेतेल | केजी | ५०.०० | |
| १५ | अम्रिसो | केजी | १.०० | |
| १६ | जटामसी | केजी | ५.०० | |
| १७ | तेजपात | केजी | १.०० | |
| १८ | गोब्रे सल्लाको सिम्टा | केजी | १.०० | |
| १९ | खोल्मे | केजी | १.०० | |
| २० | नागबेली पाउडर | केजी | १६.०० | |

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | |
|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ | कैफियत |
| २१ | खोटो | केजी | ५.०० | |
| २२ | गोब्रे सल्लाको पातको तेल | केजी | ५०.०० | |
| २३ | भिरमह | केजी | ५०.०० | |
| २४ | सतुवा | केजी | ५०.०० | |
| २५ | धुपीपात | केजी | ०.५० | |
| २६ | नागबेली | केजी | ५.०० | |
| २७ | काउलोको बोक्रा | केजी | २.०० | |
| २८ | अन्य सुगन्धित तेल | केजी | ५०.०० | |
| २९ | साधारण च्याउ | केजी | २.०० | |
| ३० | इन्द्रेयिनीको बियाँ | केजी | २.०० | |
| ३१ | नेपाली कागज | कोरी | १०.०० | |
| ३२ | सल्लो (गोलिया) | क्यु.फि | ८.०० | |

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | |
|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ | कैफियत |
| ३३ | सल्लो (चिरान) | क्यु.फि | १०.०० | |
| ३४ | उत्तिस(गोलिया) | क्यु.फि | ६.०० | |
| ३५ | उत्तिस(चिरान) | क्यु.फि | ७.०० | |
| ३६ | अन्य काठ (गोलिया) | क्यु.फि | ५.०० | |
| ३७ | अन्य काठ (चिरान) | क्यु.फि | ६.०० | |
| ३८ | भेनियर पत्ता (ट्याक्टर) | ट्रिप | ५००.०० | |
| ३९ | भेनियर पत्ता (मिनी ट्रक) | ट्रिप | ७००.०० | |
| ४० | भेनियर पत्ता (ट्रक) | ट्रिप | १०००.०० | |
| ४१ | भेनियर पत्ता (भ्यान ट्रक) | ट्रिप | १२००.०० | |

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | |
|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ | कैफियत |
| ४२ | भेनियर पत्ता (ट्रक) | ट्रिप | २००.०० | |
| ४३ | दाउरा (ट्र्याक्टर) | ट्रिप | २५.०० | |
| ४४ | दाउरा (मिनी ट्रक) | ट्रिप | ५०.०० | |
| ४५ | दाउरा (भ्यान ट्रक) | ट्रिप | १००.०० | |
| ४६ | काठको भुस (ट्र्याक्टर) | ट्रिप | २५.०० | |
| ४७ | काठको भुस (मिनी ट्रक) | ट्रिप | ५०.०० | |
| ४८ | काठको भुस (भ्यान ट्रक) | ट्रिप | १००.०० | |
| ४९ | बाँस | गोटा | १.०० | |
| ५० | बन लसुन | केजी | १००.०० | |
| ५१ | हाडे लसुन | केजी | ०.२५ | |

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | |
|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ | कैफियत |
| ५२ | कुरीलो | केजी | २.०० | |
| ५३ | कोइला | केजी | ५.०० | |
| ५४ | बुकीफुल | केजी | ०.२५ | |
| ५५ | बुकीफुल को तेल | केजी | २००.०० | |
| ५६ | अविजालो | केजी | ५.०० | |
| ५७ | निगालो | गोटा | ०.१० | |
| ५८ | अलैँची | केजी | १०.०० | |
| ५९ | लोठ सल्लाको पात | केजी | ५.०० | |
| ६० | लप्सी | केजी | ०.५० | |
| ६१ | पानी अमला | केजी | ५.०० | |
| ६२ | शैलुङ गाउँपालिका भित्र उत्पादन भै निकासी हुने माथि उल्लेखित बाहेक अन्य बस्तुहरुको हकमा गाउँ कार्यपालिको निर्णय बमोजिम हुनेछ । | | | |

**ख) प्रचलित कानुनले निषेध गरे बाहेकको मरेका वा मारिएका पञ्छीको प्वाँख र पशुको हाड,छाला,सिंङ्ग र खुर निकासी करको दर**

| क्र.स. | विवरण | इकाई | प्रति इकाइ क | |
|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ | |
| १ | प्वाँख | के.जी | ३ | |
| २ | हाड | के.जी | २ | |
| ३ | सिङ्ग | के.जी | ३ | |
| ४ | खुर | के.जी | ३ | |
| ५ | छाला ठुलो | गोटा | ५० | |
| ६ | छाला सानो | गोटा | २५ | |

**ग) कृषि, पशु तथा पशुजन्य वस्तुको निकासी करको दर :**

| क्र.स. | विवरण | इकाई | प्रति इकाइ | |
|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ | |
| १ | भैसी जात (भैसी,राँगा आदि) | गोटा | १००.०० | |
| २ | गाई जात (गाई,गोरु आदि) | गोटा | ५०.०० | |
| ३ | भेडा,बाख्रा,बंगुर जात (भेडा,बाख्रा,बंगुर आदि) | गोटा | ५०.०० | |
| ४ | कुखुरा/कुखुराको जात (मिनी ट्रक/टयाक्टर) | ट्रिप | ५००.०० | |
| ५ | कुखुरा/कुखुराको जात (ठुलो ट्रक) | ट्रिप | ८००.०० | |
| ६ | अण्डा (सात केट बराबर एक बाकस) | बाकस | कार्यपालिकाबाट निर्धारण भए बमोजिम | |
| ७ | आलु | के.जी. | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | गोलभेडा,काउली, (ठुलो ट्रक) | ट्रिप | | |
| ९ | गोलभेडा,काउली, (मिनी ट्रक/टयाक्टर) | ट्रिप | | |
| १० | बन्दा,साग (ठुलो ट्रक) | ट्रिप | | |
| ११ | बन्दा,साग (मिनी ट्रक/टयाक्टर) | ट्रिप | | |
| १२ | लसुन,वेसार,अदुवा,(ठुलो ट्रक) | ट्रिप | | |
| १३ | लसुन,वेसार,अदुवा,(मिनी ट्रक/टयाक्टर) | ट्रिप | | |

घ) कवाडी सामानको दर

| क्र.स. | विवरण | इकाई | आ.व. २०८०/८१ | कैफि |
|---|---|---|---|---|
| १। | फलाम, जस्ता, टिन | प्रतिकेजि | १ | |
| २। | खालि सिसि ५०० एमएल भन्दा तल | प्रतिगोटा | | |
| ३ | खालि सिसि ५०० एमएल भन्दा माथी | प्रतिगोटा | | |
| ४ | प्लाष्टिक( चप्पल, ग्यालन, कागज, ) पुराना कागज, कार्टुन अखवार, टायर ट्युब आदि | प्रतिकेजि | २ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | तामा पित्तल | प्रतिकेजि | २ | |

## अनुसूची-६

**७. होडिङ वोर्ड सेवा शुल्क निम्नानुसार लगाईने छ :**

क) होडिङ बोर्ड प्रति वर्ग फिट रु. २०/-

ख) अन्य वस्तुको विज्ञापनमा प्रति वर्ग फिट रु. २०/-

ग) सार्वजनिक स्थानमा आफ्नो व्यापार व्यवसायको परिचयको लागि व्यानर टाँगेमा प्रति मिटर ७ दिन सम्म रु ७/- सो पछि प्रतिदिन थप रु. ५/-

घ) १ मीटर र १ वर्ग फिट सम्मको विज्ञापन १ महिना सम्मको प्रतिदिन रु १/- र सो भन्दा वढि राख्नु परेमा प्रतिदिन रु. २/-

ङ) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छन् र १ थान भन्दा धेरै वोर्ड राख्नु परेमा माथिको दररेटमा सम्बन्धित व्यवसायीले विज्ञापन कर वापत बुझाउनु पर्नेछ ।

च) प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका व्यवसायसँग सम्बन्धित होडिङ राख्न वा भित्तामा विज्ञापन राख्न पाईने छैन

## अनुसूची-७

**८. मनोरञ्जन कर :**

क) सिनेमाहल वा भिडियो हलहरुमा प्रवेश शुल्कको ५ % का दरले मनोरञ्जन कर असुल गरिनेछ ।

## अनुसूची-८

**९. बहाल बिटौरी शुल्क :**

क) गाउँपालिका क्षेत्रभित्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल वा व्यवसाय गर्न दिएमा भूमीको अवस्था हेरी गाउँ कार्यपालिकाले तोकिए बमोजिम बहाल बिटौरी कर असुल गरिने छ ।

## अनुसूचि-९

**१०. पार्किङ शुल्क :**

क) मोटरसाईकलको लागि पहिलो २ घण्टाको लागि रु ५/- र सो भन्दा बढिको लागि रु १० /-

ख) हलुका सवारी साधनको लागि पहिलो २ घण्टाको लागि रु. १०/- र सो भन्दा बढिको लागि रु. २०/-

ग) ट्रयाक्टरको लागि पहिलो २ घण्टाको लागि रु. १५/- र सो भन्दा वढिको लागि रु. २५/-

घ) हेभि सवारी साधनको लागि पहिलो २ घण्टाको लागि रु २५/- र सो भन्दा वढिको लागि रु. ४०/-

**अनुसूची-१०**

**११. गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्राभल एजेन्सी, फनपार्क, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, ट्रेकिङ, बन्जी जम्पिङ्ग, पदयात्रा, घोडचढी आदि जस्ता व्यवसाय सञ्चालनमा तपसिल बमोजिम शुल्क लाग्नेछ ।**

| **ट्राभल्स, टुर्स एण्ड मनोरञ्जन** | आ.व. २०८०/८१ | कैफियत |
|---|---|---|
| क) ट्राभल एजेन्सी, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, ट्रेकिङ, आदि जस्ता व्यवसायमा । | ७५०० | |
| ख) फनपार्क, पदयात्रा, घोडचढी आदि । | ७५०० | |

**अनुसूची-११**

**१२. सिफारिस दस्तुर तथा शुल्क :**

**वडा कार्यालय**/गाउँपालिका**बाट हुने सिफारिसमा लाग्ने कर/दस्तुर/शुल्क :**

| **क्र.सं.** | **विवरण** | **रकम रु.** | |
|---|---|---|---|
| | | आ.व. २०८०/८१ | कै |

| | | | |
|---|---|---|---|
| १) | घर जग्गा, नामसारी सिफारिस | २००/- | |
| २) | मोही लगत कट्टा सिफारिस | ५००/- | |
| ३) | घर कायम सिफारिस | १००/- | |
| ४) | छात्रवृत्ति सिफारिस | १००/- | |
| ५) | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निःशुल्क | |
| ६) | अपाङ्गता सिफारिस | निःशुल्क | |
| ७) | अस्थायी बसोबास सिफारिस | ५००/- | |
| ८) | स्थायी बसोबास सिफारिस | २००/- | |
| ९) | नागरिकता प्रतिलिपि सिफारिस | २०० /- | |
| १०) | अंगिकृत नागरिकता सिफारिस | ५००/- | |
| ११) | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५००/- | |
| १२) | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निःशुल्क | |
| १३) | विद्युत जडान सिफारिस | १०० /- | |
| १४) | धारा जडान सिफारिस | १०० | |
| १५) | जिवित रहेको सिफारिस | ३००/ - | |
| १६) | दुवै नाम गरेको एकै व्यक्ति हो भन्ने सिफारिस/फरक जन्ममिति संशोधन सिफारिस | ३००/- | |
| १७) | जग्गा मूल्याङ्कन सिफारिस/प्रमाणित | ०.०५% | |
| १८) | व्यवसाय वन्द सिफारिस | ५००/- | |
| १९) | व्यवसाय संचालन नभएको सिफारिस | ५००/- | |
| २०) | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० /- | |
| २१) | कोर्ट फि मिनाहा सिफारिस | निशुल्क | |

| | | | |
|---|---|---|---|
| २२) | नावालक परिचयपत्र सिफारिस | २०० /- | |
| २३) | चौपाय सम्बन्धी सिफारिस | १००/- | |
| २४ | व्यवसाय दर्ता/नवीकरण सिफारिस | २०० /- | |
| २५) | उद्योग ठाउँ सारी सिफारिस | १०००/- | |
| २६) | विद्यालय ठाउँ सारी सिफारिस | ७५० /- | |
| २७) | निजी विद्यालय संचालन स्वीकृति/कक्षा बृद्धि सिफारिस | १०००/- | |
| २८) | व्यक्तिगत विवरण सिफारिस | १००/- | |
| २९) | जग्गा दर्ता सिफारिस | २००/- | |
| ३०) | संरक्षक सिफारिस (व्यक्तिगत) | १००/- | |
| ३१) | संरक्षक सिफारिस (संस्थागत) | २००/- | |
| ३२) | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ० | |
| ३३) | जिवित सँगको नाता प्रमाणित | २००/- | |
| ३४) | मृतक सँगको नाता प्रमाणित | १००/- | |
| ३५) | कोठा खोल्न कार्य/रोहबरमा बस्ने कार्य | ५०० /- | |
| ३६) | निशुल्क वा स-शुल्क स्वास्थ्य उपचार सिफारिश | ५०/- | |
| ३७) | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | २००/- | |
| ३८) | संस्था दर्ता सिफारिस | २००/- | |
| ३९) | घर बाटो प्रमाणित | २००/- | |
| ४०) | चार किल्ला प्रमाणित | २००/- | |

| | | | |
|---|---|---|---|
| ४१ | जन्म मिति प्रमाणित | ५००/- | |
| ४२) | विवाह प्रमाणित | ५००/- | |
| ४३) | घर पाताल प्रमाणित | २००/- | |
| ४४) | कागज/मन्जुरी नामा प्रमाणित | १००/- | |
| ४५) | हकवाला वा हकदार प्रमाणित | ५००/- | |
| ४६) | अविवाहित प्रमाणित | ५००/- | |
| ४७) | जग्गा रेखाङ्कनको कार्य/सो कार्यमा रोहबर | ५०० /- | |
| ४८) | जग्गा धनीपुर्जा हराएको सिफारिस | ५०० /- | |
| ४९) | पुर्जामा घर कायम गर्ने सिफारिस | १०० /- | |
| ५०) | अंग्रेजी सिफारिस | ५००/- | |
| ५१) | मिलापत्र कागज /उजुरी दर्ता | १०० /- | |
| ५२) | सम्पत्ति प्रमाणित सिफारिश | ०.१ % | |
| ५३) | वार्षिक आय प्रमाणित | ०.१ % | |
| ५४) | उल्लेखित बाहेक अन्य सिफारिस / प्रमाणितहरू | २०० /- | |
| ५६ | अंग्रेजी प्रमाणित | २०० | |
| | | | |
| ५६ | | | |

द्रष्टव्यः (क) जन्म दर्ता, मृत्यु दर्ता, बसाई सराई दर्ता, सम्बन्ध विच्छेद दर्ता, विवाह दर्तामा भने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६,बमोजिम हुनेछ

(ख) सरकारी निकाय/सामुदायिक विद्यालय/उपभोक्ता समितिहरुको सिफारिशमा सिफारिश दस्तुर लाग्ने छैन ।

## अनुसूची-१२

**१३. पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पर्यटकीय स्थानमा प्रवेश गर्नको लागि तपसिल बमोजिमको शुल्क लाग्नेछ ।

| क्र.सं. | पर्यटक | शुल्क रु. | |
|---|---|---|---|
| | | आ.व. २०८०/८१ | कैफियत |
| १ | आन्तरिक ( गाउँपालिका भित्रको व्यक्ति) | ५ | |
| २ | आन्तरिक ( गाउँपालिका बाहेक दोलखा र रामेछाप जिल्लाका व्यक्ति) | १० | |
| ३ | आन्तरिक ( अन्य नेपाली नागरिक) | २० | |
| ४ | वाह्य (विदेशी नागरिक) | ५० | |
| ५ | चलचित्र छायाङ्कन छोटो पर्दा | ५०० | |
| ६ | चलचित्र छायाङ्कन ठुलो पर्दा | १५०० | |

विद्यार्थी, बालबालिका, जेष्ठ नागरिक र धार्मीक पर्यटक हो भन्ने परिचय खुलेमा पचास प्रतिशत रकम छुट हुनेछ । साथै यस्ता क्षेत्रमा फोहोरमैला गरेमा तथा अन्य कानूनद्वारा अवैध कार्य गरेमा रु. ५००/– सम्म दण्ड जरिवाना गर्न सकिने छ ।

अनुसुची-१३

**१४. गाउँपालिकाले असुल गर्ने दर्ता, नविकरण तथा सिफारिस दस्तुरको दर :**

| क.स. | विवरण | प्रति इकाई दर रु. | |
|---|---|---|---|
| | | आ.व. २०८०/८१ | कै |
| १ | गैर सरकारी संघ संस्था दर्ता सिफारिस दस्तुर | २००० | |
| २ | खानेपानी मुहान दर्ता दस्तुर | १००० | |
| ३ | सिंचाई मुहान दर्ता दस्तुर | १००० | |
| ४ | खानेपानी र सिंचाई उपभोक्ता समिति नविकरण | ५००.०० | |
| ५ | व्यक्तिगत घटना दर्ता( पंजीकरण) त्रुटी/गल्ती सच्याउने/सच्याउन सिफारिस गर्ने दस्तुर | ५००.०० | |
| ६ | विभिन्न संघ संस्था वा समितिहरुलाई योजना/आयोजना/कार्यक्रम आदिको मागको लागि सरकारी तथा गैरसरकारी निकायहरुमा सिफारिस वापत प्रति सिफारिस दस्तुर | २००.०० | |
| ७ | विभिन्न संघ संस्था वा समितिहरुलाई योजना/आयोजना/कार्यक्रम आदिको मागको लागि विभिन्न विदेशी निकायहरु तथा दात्रृ निकायहरुमा सिफारिस दस्तुर | ५०० | |

| क.स. | विवरण | प्रति इकाई दर रु. | |
|---|---|---|---|
| | | आ.व. २०८०/८१ | कै |
| ८ | कुनै विज्ञ/पेशागत कार्य/अध्ययन अनुसन्धान कार्य गर्न अनुमति वा सिफारिस दस्तुर | ५०० | |
| ९ | लघु जलविद्युत आयोजना (२ मेघावट सम्म) को सर्वेक्षण अनुमती/सिफारिस दस्तुर | १५०० | |
| १० | लघु जलविद्युत आयोजना (२ मेघावट भन्दा माथी) को निर्माण अनुमती/सिफारिस दस्तुर | २००० | |
| ११ | जलबिद्युत आयोजना १० मेघावट भन्दा माथि सर्वेक्षण अनुमति सिफारिस दस्तुर | १००० | |
| १२ | घ वर्गको इजाजतपत्र प्रदान | ५००० | |
| १३ | घ वर्गको इजाजतपत्र प्रतिलिपि | ३००० | |
| | फिल्ड रेखाङ्कन वापत | | |
| १४ | न्युनतम २ रोपनी | रु. १००० | |
| १५ | न्युनतम २ रोपनी माथी प्रतिरोपनी | रु.२०० | |
| १६ | होम स्टे नविकरण | रु. २००० | |
| १७ | फर्म व्यवसाय लगायत विविध सेवाको सूचिकृत दस्तुर | रु.५०० | |
| १८ | कृषक समुह नविकरण | रु.५०० | कार्तिक मसान्त र प लाग्ने सम्म रु१२० |

**द्रष्टव्यः** सरकारी निकाय/सामुदायिक विद्यालय/उपभोक्ता समितिहरुको सिफारिशमा सिफारिश दस्तुर लाग्ने छैन ।

**१५. फोहरमैला व्यवस्थापन सेवा शुल्क (मासिक) निम्नानुसार लगाईने छ :**

क) आवासीय घर ३ तल्ला सम्म रु. १५०/-

ख) ३ तल्ला भन्दा माथि रु. १५०/-

ग) भाडाको सटर भए प्रति पसल थप रु. १५०/-

घ) सामान्य प्रकृतिका होटल, रेष्टुरेन्ट थप रु. १५० /-

ङ) ठुला प्रकृतिका होटल लज रु. ५००/-

च) हस्पिटल रु. ५००/-

छ) अन्य संघ संस्था रु. १५०/-

ज) मेडिकल रु. २००/-

झ) पोलिक्लिनिक रु. ३००/-

ञ) अन्यको हकमा तथा सेवा शुल्क निर्धारणमा कठिनाई उत्पन्न भएमा व्यवसायको प्रकृति हेरी गाउँपालिकाको निर्णय वमोजिम हुनेछ ।

**<u>अनुसुची-१४</u>**

**१६. भवन निर्माण / सम्पन्न तथा नक्सापास दस्तुर दर :**

| **क्र.सं.** | **विवरण** | **ईकाइ** | **दर** | |
|---|---|---|---|---|
| | | | आ.व. २०८०/८१ | कैपियत |
| १ | आर सि सि ढलान भवन आवसिय | प्रति वर्ग पिट | रु.१ | |
| २ | आर सि सि ढलान भवन | प्रति वर्ग | रु.२ | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवसायिक | पिट | | |
| ३ | गारो वाला घर | प्रति वर्ग पिट | रु. ण.५ | |
| ४ | बैकल्पिक सामाग्री प्रयोग गरी निर्माण गरिएको घर | प्रति वर्ग पिट | रु. ण.५ | |
| ५. | नक्सा अभिलेखिकरण दरखास्त फाराम तथा नक्सा दरखास्त फाराम | प्रति घर | ५०० | |

**द्रष्टव्य:** क. निर्मित भवन अभिलेखीकरणको लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिमको म्याद भित्र अभिलेखीकरणको लागि निवेदन पेश भएमा माथि उल्लिखित दरमा २५ प्रतिशत छुट दिइने छ । सूचनामा उल्लिखित समयमा निर्मित भवन अभिलेखीकरण नगराएमा पूरा दस्तुर लाग्ने छ ।

ख. नक्सापस नगरी घर निर्माण गरी निर्माण सम्पन्न लिन आएका वा घर निर्माणको लागि नक्सापास गरे बमोजिम भन्दा फरक संरचना बनाएमा तोकिएको दरमा जम्मा हुन आउने रकमको सत प्रतिशत जरिवाना गरिनेछ ।

## अनुसूची-१५

**१७.दहत्तर बहत्तर**

**१. बालुवा, गिट्टी, रोडा, ढुंगा बिक्री दरः**-प्रदेश कानून बमोजिम गाउँपालिकाको निणयानुसार हुनेछ ।

प्रमाणीकरण मिति २०८० असार ११ गते

आज्ञाले,
लक्ष्मि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत